नेपाल सरकार

अर्थ मन्त्रालय

## भन्सार विभाग

# भद्रपुर भन्सार कार्यालय भद्रपुर, झापा

**भन्सार नियमावली, २०८३ को नियम ८५(१) बमोजिम यस कार्यालयबाट गोप्य सिलबन्दी बोलपत्रद्वारा विभिन्न सवारी साधनहरुको लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०६।०९**

विभिन्न मितिमा विभिन्न निकायबाट भन्सार छली चोरी निकासी/पैठारी कार्यमा संलग्न भएको अभियोगमा पक्राउ भई यस कार्यालयमा दाखिला गरी जफत भएका देहाय बमोजिमका सवारी तथा ढुवानीका साधनहरु जे-जस्तो अवस्थामा छन् सोहि अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएकाले ईच्छुक व्यक्ति/फर्म/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३।०६।२३ गते) भित्र निम्न लिखित सर्तहरुको अधिनमा रहने गरि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।आफूले कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम भद्रपुर भन्सार कार्यालयको नाममा प्रभु बैंक लिमिटेड, चन्द्रगढी शाखामा रहेको KA 2.9 BHANSHAR KOSH KHATA ०१२०११५२५८७०००१२ तथा यस भन्सार कार्यालयको एक्टेन्सन काउण्टर भद्रपुर, झापामा यस कार्यालयको कोड नं. ३०५०३१२०१ मा जम्मा गरी सोको एक प्रति सक्कल बैंक भौचर बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ । साथै यो सूचना भन्सार विभागको वेभ साईट https://customs.gov.np मा पनि हेर्न सकिनेछ ।

<u>तपसिल</u>

| क्र. सं. | मुद्दा नं | सवारी किसिम | सवारीको मोडेल | ईन्जिन नं | चेसिस नं | उत्पादन बर्ष | सिसि | न्यूनतम मूल्य (कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 8/082/6/12 | मो.सा. | Super Splendor | JA05EGH9H00503 | MBLJAR033H9H01979 | 2017 | 125 | १३,००० | |
| २ | 258/083/02/11 | मो.सा. | Super Splendor | JA05EGK9J27977 | MBLJAW099K9J07582 | 2019 | 125 | १८,००० | |
| ३ | 268/083/02/18 | मो.सा. | Super Splendor | JA07ABLGH07294 | MBLJAW176LGH09000 | 2020 | 125 | २३,००० | |
| ४ | 187/082/12/18 | मो.सा. | Glamour | JA06EJGGE31628 | MBLJA06AMGGE08411 | 2016 | 125 | १०,००० | |
| ५ | 234/083/01/23 | मो.सा. | Super Splendor | JA05EGJ9C34074 | MBLJAR036J9G34501 | 2018 | 125 | २०,००० | यातायात व्यवस्था कार्यालय मा दर्ता हुने |
| ६ | 235/083/01/23 | मो.सा. | Super Splendor | JA06EHK9G06952 | MBLJAW065K9G09739 | 2019 | 125 | २०,००० | |
| ७ | 254/083/02/08 | मो.सा. | Hf Deluxe | HA11ECR9H02154 | MBLHAW141R9H51902 | 2024 | 97.2 | ६०,००० | |
| ८ | 127/082/10/22 | मो.सा. | Apache | BE4BH2001993 | MD634BE40H2B01740 | 2017 | 160 | २८,००० | |
| ९ | 120/082/10/20 | मो.सा. | TVS | PF5DJ1306359 | MD625PF56J1D14927 | 2018 | 109 | १३,००० | |
| १० | 148/082/11/10 | मो.सा. | Apache | AE8HL2916980 | MD634AE83L2H13663 | 2020 | 160 | ३५,००० | |
| ११ | 175/082/12/10 | मो.सा. | CT100 | PFYRKF18597 | MD2B37AY5KRF77518 | 2019 | 99.3 | १८,००० | |
| १२ | कवाडी भई पत्रु (Scrap) मा जाने मोटरसाईकल र स्कुटर संख्या ६७ थान | | | | | | | ३,५६,१८० | |

भन्सार अधिकृत

भन्सार अधिकृत

## सिलबन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु

१. बोलपत्र फाराम तोकिएको दस्तुर पछि फिर्ता नहुने गरी प्रभु बैंक लिमिटेड, चन्द्रगढी शाखामा रहेको KA 2.9 BHANSHAR KOSH KHATA ०१२०११५२५८७०००१२ झापामा यस भद्रपुर भन्सार कार्यालयको कोड नं. ३०५०३१२०१, राजश्व शिर्षक नं.१४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा दाखिला गरी सक्कल भौचर यस कार्यालयमा पेश गर्ने । यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८३।०६।२३ गते) सम्म कार्यालय समयभित्र व्यक्ति/फर्म/संस्थाले दर्ता हुने सवारी साधनहरुको हकमा प्रति बोलपत्र फाराम रु. १०००।– दस्तुर तिरी खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरीद गर्न आउदा आफूले लिन चाहेको सवारी साधनको सि.नं. र मुद्दा नं. उल्लेख गरी फर्म/कम्पनी/संस्थाहरुको हकमा आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र, स्था.ले.नं. प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन स्वयं बोलपत्रदाताले यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरि स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ ।

४. बोलपत्र फाराम पेश गर्दा सो वोलपत्र खाम बन्दी गरी उक्त खाममा सिलछाप लगाई बोलपत्र फाराम भएको खाममा बोलपत्र सुचनाको सि.नं., मुद्दा नं. र वोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ ।प्रचलित कानून बमोजिम रीत नपुगी पेश भएको, कार्यालय समयभित्र पेश नभएको वा कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

५. बोलपत्रदाताले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट विक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ । प्रत्येक सि.नं. को छुट्टाछुट्टै बोलपत्र खरीद गरी सोही बमोजिम छुट्टाछुट्टै पेश गरी दर्ता गराउनु पर्नेछ र प्रत्येक सवारी साधनको धरौटी वापतको छुट्टाछुट्टै बैंक भौचर सक्कलै प्रति फाराम साथ संलग्न गर्नु पर्नेछ । बैंक भौचरको फोटोकपीलाई मान्यता दिईने छैन ।

६. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन सार्वजनिक विदा परेकोले लगत्तै कार्यालय खुलेको दिन मिति २०८३।०६।२६ गते अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको आर्थिक प्रशासन शाखामा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सोही दिन (२०८३।०६।२६ गते) दिउसो १४:०० बजे बोलपत्रदाता र अन्य तोकिए बमोजिमका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

७. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरी जानकारी गराइनेछ । साथै भद्रपुर भन्सार कार्यालयको वेभ साईट https://customs.gov.np/bhadrapur पनि हेर्न सकिनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको सवारी साधनको मूल्य र सोमा प्रचलित कानून बमोजिम लाग्ने कर रकम समेत बुझाई उठाइ लैजानु पर्नेछ ।

८. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई सवारी तथा ढुवानी साधन उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरिनेछ र तोकिएको म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाइनेछ । समान कबोल अंक परेमा सवैभन्दा पहिले बोलपत्र पेश गर्नेको कबोल अंक स्वीकृत गरिनेछ ।

९. कवाडी/पत्रु (SCRAP)मा लिलाम बिक्री गर्ने गरी/दर्ता नहुने भनी लिलाम भएका सवारी साधनहरुको लिलाम सकार गर्ने बोलपत्र दाताले आफ्नै खर्चमा कार्यालय परिसर भित्रै चेसिस र ईन्जिन काटी टुक्राएर पत्रु बनाई लैजानु पर्नेछ ।

१०. लिलाम सकार गरेको सवारी साधनको प्रचलित कानून बमोजिम दर्ता गराउने कार्य निज लिलाम सकारकर्ता कै हुनेछ ।कुनै कारणबस त्यस्तो सवारी साधन दर्ता हुन नसकेमा कुनै क्षतिपूर्ति माग दावी गर्न पाइने छैन ।

११. सवारी साधन हेर्न चाहेमा बोलपत्र आव्हान भएको दिनबाट कार्यालय समयभित्र हेर्न सकिनेछ ।

१२. कुनै पनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः लिलामको सूचना प्रकाशित गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

भन्सार अधिकृत